आज मिति २०७४ आश्विन २ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - | कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | बरिष्ठ अधिकृत | श्री कुमार कंचन जि.सी. | ,, |
| - | कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - | खरिदार | श्री विष्णुकुमार जोशी | ,, |

निर्णय नं.१: व्यास न.पा. वडा नं.३ बस्ने गणेशबहादुरको छोरा वर्ष ६६ को निवेदक अधिवक्ता फणिन्द्रबहादुर पाण्डे पक्ष र व्यास नगरपालिका कार्यालय र व्यास न.पा. वडा नं.३ स्थित अनसन चौतारी रहेको पिच रोडमा साउण्ड सिष्टम प्रयोग गरी मञ्च बनाई वातावरण प्रदूषण, ध्वनी प्रदूषण हुने गरी कार्यक्रम हूने गरेकोमा अन्तरिम आदेश सहितको निषेधाज्ञा जारी गरी पाउँ भनी जिल्ला अदालत तनहुँमा निवेदन चढाएको हुँदा सो मुद्दाको अन्तिम किनारा नलाग्दासम्म नगर प्रमुखको हकमा वारेश र व्यास न.पा. कार्यालयको तर्फबाट यस न.पा.मा कार्यरत खरिदार श्री विष्णुकुमार जोशीलाई उक्त मुद्दाको प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

निर्णय नं.२: यस व्यास न.पा.का वडाहरुमा भएका परम्परागत मठ मन्दिरहरुमा पूजा संचालन गर्न सम्बन्धित वडाका वडाध्यक्षको सिफारिसमा पूजा खर्च भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३: हिन्दूहरुको महान पर्व विजया दशमीको अवसरमा तनहुँ कालिका मन्दिरमा पूजा अर्चना गर्नका लागि रु.५०,०००। (पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४: व्यास न.पा. वडा नं. ३ मा रहेको गणेशमान सभाकक्ष भवनको पूर्णताको लागि रु.५,००,०००। (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५: नेवार समुदायको लोप हुन गइरहेको देवी नाचलाई प्रर्वद्धन र संरक्षण गर्नुका साथै सांस्कृतिक एवं धार्मिक पर्यटन विकास गर्न श्री तनहुँशुर भिमसेन धर्म गुठी समितिलाई रु.३,००,०००। (तीन लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.६: यस व्यास नगरपालिका भित्र सामाजिक सुरक्षा भत्ता लिन योग्य एवं नविकरण गरेका लाभग्राहीहरुलाई बैंकिङ प्रणाली मार्फत वडा केन्द्रहरुबाट वितरण गर्ने व्यवस्थाका लागि बैंकहरुलाई अनुरोध गरी सम्भव भएसम्म विजया दशमी अगाडि नै उपलब्ध गराउने निर्णय गरियो । साथै अत्यधिक बोझ रहेका बैंकहरुबाट सम्बन्धित वडाध्यक्षको समन्वयमा बैंक परिवर्तन आवश्यक भएमा सो समेत गरी सरल र सहज वितरण गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.७:** तनहुँ साविक काहुँशिवपुर गा.वि.स. वडा नं ६ हाल कायम ऐ. रिसिङ्ग गाउँपालिका वडा नं २ बाहुन बस्ने शालिकरामको छोरा वर्ष ३२ को विष्णु पराजुली पक्ष र व्यास नगरपालिका कार्यालय र व्यास नगरपालिका प्रमुख समेतलाई विपक्षी बनाई व्यास न.पा. वडा नं ३ को शान्तीनगर र वडा नं ७ को पाटन जोड्ने गरी र सोही वडा नं ३ र रिसिङ्ग गाउँपालिका वडा नं १ झापुटार जोड्ने गरी झोलुङ्गे पुल निर्माण भएको र ती झोलुङ्गे पुलबाट मोटर साइकल हिडाउँदा पैदलयात्री, विद्यार्थीहरुलाई असुरक्षा र असुविधा हुने भएकाले सवारी साधन हिड्न रोकी पाउँ भनी अन्तरिम आदेश सहितको निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी जिल्ला अदालत तनहुँमा निवेदन चढाएको हुँदा सो मुद्दाको अन्तिम किनारा नहुँदासम्म नगर प्रमुखको हकमा वारेश र व्यास नगरपालिका कार्यालयको तर्फबाट यस न.पा. मा कार्यरत खरिदार श्री विष्णुकुमार जोशीलाई उक्त मुद्दाको प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।